नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय,
मानव स्रोत व्यवस्थापन विभाग

## Online दरखास्त फाराम भर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८०/०३/०१)**

श्री लोक सेवा आयोगको सहमति अनुसार यस बैंकको आ.व. २०७९/८० को स्वीकृत दरबन्दीका आधारमा रिक्त रहेका निम्न पदहरूमा खुला प्रतियोगितात्मक द्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरूबाट मिति २०८०/०३/०१ देखि Online दरखास्त फाराम भर्न आह्वान गरिएको छ । बैंकले तोकेको Online फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरू भरी सोको साथ नागरिकता प्रमाणपत्र र दरखास्त दिने पदका लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सक्रिप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र, समावेशी समूहका लागि तोकिएको प्रमाणपत्र, अनुभव चाहिने पदका लागि तोकिएको अनुभवको प्रमाणपत्र र हालसालै खिचेको पासपोर्ट साइजको फोटो र दस्तखत Scan/Attach गरी तोकिएको शुल्क तिरी मिति २०८०/०३/२१ सम्म र मिति २०७९/०३/२८ सम्म दोब्बर दस्तुर तिरी Online दरखास्त पेस गर्नुपर्नेछ । म्यादभित्र दाखिल नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुनेछैन । झुट्टा विवरण उल्लेख गरी Online दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ ।

| विज्ञापन नं. | पद | तह | समूह | सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १४/२०७९-८० | सहायक प्रबन्धक (CA) | ६ | खुला | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सी.ए./ए.सी.सी.ए. उत्तीर्ण । |
| | | | महिला | १ | |
| | | | मधेशी | १ | |
| | | | पि.क्षे. | १ | |

**प्रदेशगत विज्ञापन (सहायक पदको लागि) :**

| सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| बागमती प्रदेश अन्तर्गतका शाखा कार्यालयहरू | १५/२०७९-८० | सहायक | ४ | खुला | ५ | मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम स्नातक उत्तीर्ण गरेको । |
| | | | | महिला | २ | |
| | | | | आ.ज. | १ | |
| गण्डकी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरू | १६/२०७९-८० | सहायक | ४ | खुला | ७ | |
| | | | | महिला | २ | |
| | | | | आ.ज. | १ | |
| | | | | मधेशी | १ | |
| | | | | दलित | १ | |
| | | | | पि.क्षे. | १ | |
| लुम्बिनी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरू | १७/२०७९-८० | सहायक | ४ | खुला | ५ | |
| | | | | महिला | १ | |
| | | | | आ.ज. | १ | |
| | | | | मधेशी | १ | |
| | | | | पि.क्षे. | १ | |
| कर्णाली प्रदेश अन्तर्गतका शाखा कार्यालयहरू | १८/२०७९-८० | सहायक | ४ | खुला | २ | |
| | | | | मधेशी | १ | |

**प्रदेशगत विज्ञापन (सहायक-IT पदका लागि) :**

| सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | सङ्ख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| बागमती प्रदेश | १९/२०७९-८० | सहायक (IT) | ४ | खुला | २ | मान्यता प्राप्त शिक्षण संस्थाबाट सूचना प्रविधिमा न्यूनतम स्नातक उत्तीर्ण गरेको । |
| | | | | दलित | १ | |
| कर्णाली प्रदेश | २०/२०७९-८० | सहायक (IT) | ४ | खुला | १ | |
| सुदूरपश्चिम प्रदेश | २१/२०७९-८० | सहायक (IT) | ४ | महिला | १ | |

(१) समावेशी समूहका लागि छुट्याइएको पदमा देहाय बमोजिम हुने गरी Online दरखास्त दिनुपर्नेछ ।

क) आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सो सूचिको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रूपमा Scan गरी Attach गर्नुपर्नेछ ।

ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा,
तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रूपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रूपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(घ) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्बाट अपाङ्गता प्रमाणित गरेको प्रमाणपत्र वा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को दफा ४ को उपदफा ३ बमोजिम अपाङ्गताको वर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र अनिवार्य रूपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको तीन महिना ननाघेको प्रमाणपत्र अनिवार्य रूपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(२) **सेवाको किसिम :** स्थायी ।

(३) **तलब तथा अन्य सुविधा :** बैंकको प्रचलित नियम अनुसार ।

(४) **उम्मेदवारको उमेर :** Online दरखास्त दिने अन्तिम मिति (अर्थात् २०८०/०३/२१ गते) सम्ममा तह ६ सहायक प्रबन्धक (CA) पदका लागि २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । तह ४ सहायक र सहायक (IT) पदका लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको । महिला तथा अपाङ्ग उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष ननाघेको । बैंकको बहालवाला स्थायी कर्मचारीलाई उल्लेखित उमेरको हद लाग्नेछैन ।

(५) **उम्मेदवारको छनौट विधि :** लिखित परीक्षा तथा अन्तर्वार्ता ।

(६) **अन्य सेवा शर्त:** नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०७९ बमोजिम ।

(७) **परीक्षणकाल अवधि:** १ वर्ष (महिला कर्मचारीलाई ६ महिना) ।

(८) **परीक्षा शुल्क :** तह ६ सहायक प्रबन्धक (CA) को खुला समूहका लागि रु. १,०००/- (एक हजार) र उक्त पदको प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु. ४००/- (चार सय) ।
तह ४ सहायक र सहायक (IT) पदको खुला समूहका लागि रु. ८००/- (आठ सय) र उक्त पदहरूको प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रु. २००/- (दुई सय) ।
(रीत नपुगेको कारण अस्वीकृत हुने आवेदनहरूको परीक्षा शुल्क फिर्ता हुनेछैन ।)

(९) **परीक्षा शुल्क बुझाउने प्रक्रिया :** Online आवेदन Submit गरे पश्चात् प्राप्त हुने निर्देशन बमोजिम नेपाल बैंक लिमिटेड मोबाइल बैंकिङ वा ConnectIPS वा eSewa वा FonePay वा Khalti मार्फत दरखास्त शुल्क भुक्तानी गर्नुपर्नेछ । यसरी दरखास्त शुल्क भुक्तानी गर्दा लाग्ने दस्तुर आवेदक स्वयंले नै व्यहोर्नुपर्नेछ ।
तोकिएको कुनै पनि भुक्तानी माध्यमबाट दरखास्त शुल्क भुक्तानी गरिसकेपछि Online Recruitment Portal मा **"Payment Successful"** भए नभएको सम्बन्धमा आवेदक स्वयंले यकिन गर्नुपर्नेछ । दरखास्त दिने अन्तिम दिनसम्म **"Payment Successful"** नभएको खण्डमा थप सात दिनसम्म दोब्बर दस्तुर लाग्नेछ तर दोब्बर दस्तुरको म्याद समाप्त हुँदासम्म पनि दरखास्त शुल्क भुक्तानी नगरेमा आवेदन स्वीकृत गरिनेछैन ।

(१०) उपरोक्त पदहरूको **लिखित परीक्षा लोक सेवा आयोगबाट** सञ्चालन हुनेछ । लिखित परीक्षा र परीक्षा केन्द्र सम्बन्धी सूचना पछि प्रकाशित गरिनेछ ।

(११) छनौट भई नियुक्ति गरिएका कर्मचारीहरूले बैंकले खटाएको जुनसुकै कार्यालय/शाखामा गई काम गर्नुपर्नेछ ।

(१२) तह ४ सहायक पदको लिखित परीक्षामा सफल हुने उम्मेदवारहरूलाई अन्तर्वार्ताको समयमा सम्बन्धित प्रदेश अन्तर्गतका शाखाहरूको शाखागत छनौट सूची प्रदान गरिनेछ । उम्मेदवारले प्राथमिकताको आधारमा छनौट गरेका शाखा/कार्यालयहरूमा निजको अन्तिम योग्यता क्रमका आधारमा क्रमश: नियुक्ति गरिनेछ । सुरु नियुक्ति भएको शाखा/कार्यालयमा नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली २०७९ को विनियम ७ को खण्ड ४ बमोजिम निम्न अवधि वा पदोन्नति नहुँदासम्म जुन कम हुन्छ सो समय सम्म सेवा गर्नुपर्नेछ ।

- ➢ क र ख समूहका शाखा/कार्यालयमा - न्यूनतम ३ वर्ष
- ➢ ग समूहका शाखा/कार्यालयमा - न्यूनतम ४ वर्ष
- ➢ घ र ङ समूहका शाखा/कार्यालयमा - न्यूनतम ५ वर्ष

(१३) एकभन्दा बढी विज्ञापनमा Online दरखास्त फाराम भर्दा प्रत्येक विज्ञापनका लागि अलग अलग नै दरखास्त शुल्क भुक्तानी गर्नुपर्नेछ ।

(१४) दरखास्त फाराम भर्न नेपाल बैंक लिमिटेडको Website: www.nepalbank.com.np को Careers मा Apply Online बटनमा Click गरी त्यहाँ राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।

(१५) लिखित परीक्षाको पाठ्यक्रम नेपाल बैंक लिमिटेडको Website: www.nepalbank.com.np को Career Tab मा राखिएको छ ।

(१६) आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार बैंकलाई हुनेछ । आवेदन स्वीकृत भएका उम्मेदवारहरूलाई मात्र परीक्षामा सामेल गराइनेछ ।

(१७) दरखास्त सम्बन्धी कुनै जानकारी लिनुपरेमा नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, मानव स्रोत व्यवस्थापन विभागको email: exam.hrd@nepalbank.com.np तथा फोन नम्बर ०१-५३४७९९९ एक्सटेन्सन नं. २१० र ४०७ मा सम्पर्क राख्न सकिनेछ ।

(१८) प्रदेशगत विज्ञापनको हकमा कुनै एक पटका लागि उम्मेदवारले आफूले चाहेको कुनै एक प्रदेशमा मात्र दरखास्त पेस गर्नुपर्नेछ ।

(१९) तह ४ सहायक पदको लिखित परीक्षा सबै प्रदेशमा एकै मिति र समयमा सञ्चालन हुनेछ ।

**सदस्य सचिव**
**पदपूर्ति समिति**